शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राष्ट्रिय योग दिवस २०८२ माघ १

मूल समारोह उपसमिति बैठकको निर्णय

मितिः २०८२ पौष १७ गते विहिबार

बैठकका एजेण्डा

१) राष्ट्रिय योग दिवस २०८२ को आदर्श वाक्य सम्वन्धमा

२) योग दिवस मनाउने कार्यक्रम र समयका सम्बन्धमा

३) योग दिवस मनाउन विभिन्न निकाय एवम संस्थासँग समन्वय सम्वन्धमा

४) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने योग दिवसका कार्यक्रमको सहजीकरण सम्वन्धमा

५) अन्य विविध

निर्णयहरु :

१) राष्ट्रिय योग दिवस, २०८२ मनाउने सन्दर्भमा विगत वर्षमा तय गरिएको आदर्श वाक्य "स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग" निरन्तर प्रयोग गर्ने ।

२) राष्ट्रिय योग दिवस, २०८२ मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग र योग ध्यान आरोग्य सञ्जालको व्यवस्थापकीय सहकार्यमा मूल समारोहको कार्यक्रम आयोजना गर्ने ।

३) मूल समारोहको कार्यक्रममा प्रमुख आतिथ्यताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने।

४) राष्ट्रिय योग दिवस, २०८२ सबै मन्त्रालयहरुले मनाउन र आ-आफ्ना प्रदेश तथा स्थानीय तहका निकायहरुमा मनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सबै मन्त्रालयहरुमा आवश्यक समन्वय र पत्राचारका लागि अनुरोध गर्ने।

५) प्रदेश तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै प्रदेश सरकारहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

६) स्थानीय तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

७) विश्वव्यापी रुपमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुमा आवश्यक समन्वय र पत्राचारका लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने ।

चूडामणि पौडेल
सचिव